धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

प्रदेश नं २, नेपाल

## हाट बजार ठेक्का वन्दोवस्त सम्वन्धी सुचना

(तेस्रो पटक प्रकाशित मिति २०७६/०८/३०)

(राजश्व उप-शाखा)

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ वमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमका बजारहरुको चालु आ.व. २०७६/७७ को बाँकी अवधिका लागि बहाल बिटौरी कर (हाट बजार सेवा शुल्क) उठान गर्ने प्रयोजनको लागी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुले सूचना प्रकाशन भएको मितिबाट ७ दिन भित्र शिलवन्दी दरभाउ पत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठे.नं. | बजारको नाम | न्यूनतम दर (मु.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | आ.०७६।०७७-01 | धनगढी बजार | ७०००००.०० | ३५०००।०० |
| | | जिरोमाईल | | |
| | | छपराडी बजार | | |

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ औं दिन भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ । इजाजत प्राप्त कम्पनीको हकमा नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. रितपुर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको रा.बा.बैक, लहानमा रहेको धरौटी खाता नं. धरौटी २२६०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।

५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

६. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।

८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

९. दरभाउपत्र आंशिक वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सेवा शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं.००१ देखि संख्या शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईने छ । विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ । साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट वजार सेवाको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

११. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१२. सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण करदस्तुर फि महशुल आदि ठेकेदारले नै वुझाउनु पर्नेछ ।

१४. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१५. ठेक्का प्राप्त बजारबाट नगरपालिकाले तोकि दिएको दररेट भन्दा फरक आफुखुसी मूल्य निर्धारण गरी रकम संकलन गरेको पाईएमा ठेक्का लिने व्यक्तिबाट असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

१६.दरभाउपत्र स्वीकृत भए पछि ठेक अत्तिरिक्त VAT तथा आयकर वापत १.५% समेत जम्मा १४.५% (चौध दशमलव छ प्रतिशत) रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा १०% छुट दिनेछ । एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक रकमको दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जी लिनु अगावै दोश्रो किस्ता २०७६ माघ ०२ गते भित्र बुझाउनु पर्नेछ ।

१७. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ वा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।